# खडक नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**कल्याणपुर, सप्तरी, मधेश प्रदेश, नेपाल**

**आ.ब. २०८०/०८१**

## औषधि आपूर्ति सम्बन्धी सिलबन्दी दरभाउपत्र/आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८०।०८।२७ गते)**

यस खडक नगरपालिकाका लागि आवश्यक औषधिहरू सिलबन्दी दरभाउपत्र माध्यमबाट खरिद गर्नुपर्ने भएकोले सम्बन्धित इजाजत पत्र प्राप्त इच्छुक व्यक्ति, फर्म तथा कम्पनीबाट निम्न सर्तहरूको अधीनमा रही चालु आ.ब. २०८०/०८१ का लागि रीतपूर्वकको सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ। तोकिएको म्यादभित्र कानुनी प्रक्रिया पूरा गरेका इच्छुक फर्म/कम्पनीहरूले सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को वेबसाइट https://bolpatra.gov.np/egp मा गई विद्युतीय खरिद प्रणालीबाट बोलपत्र प्रस्ताव दर्ता/गर्नुहुन सूचित गरिन्छ।अन्य थप जानकारीका लागि यस खडक नगरपालिकाको सूचना पाटी, वेबसाइट www.khadakmun.gov.np तथा कार्यालय समयभित्र यस कार्यालयको जिन्सी/स्वास्थ्य शाखामा सम्पर्क राख्न सकिनेछ।

१) विद्युतीय खरिद प्रणालीबाट विद्युतीय बोलपत्र प्रस्ताव https://bolpatra.gov.np/egp मा गई यो सूचना प्रकाशित भएको मितिले १५औं दिनसम्म Electronically bid खरिद गर्न सकिनेछ र रीतपूर्वक खरिद गरिएको दरभाउपत्र १६औं दिनको दिनको १२ बजेभित्र दर्ता गरिसक्नुपर्नेछ र सोही दिन अपराह्न दिनको २:०० बजे खडक नगरपालिकाको कार्यालयमा खोलिनेछ। यस कार्यालयबाट (Hard copy) बिक्री गरिनेछैन।

२) दरभाउपत्र खरिद दस्तुर बापतको रकम यस कार्यालयको नाममा रहेको कृषि विकास बैंक शाखा कार्यालय कल्याणपुर, सप्तरीमा रहेको आन्तरिक राजस्व खाता नं. ११०३७०१५०८००४१०१ मा दाखिला गरेको बैंक भौचर पेस गर्नुपर्नेछ।

३) दर्ता भएका दरभाउपत्रहरू सोही दिनको २:०० बजे दरभाउपत्र दाता वा निजहरूका प्रतिनिधिहरू र कार्यालयका प्रतिनिधिहरूको रोहबरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्र दाता वा निजहरूका प्रतिनिधिहरू उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्नेछैन।

४) दरभाउपत्र खरिदको अन्तिम दिन तथा दर्ता गर्ने वा खोल्ने दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट क्रमशः कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

५) सिलबन्दी दरभाउपत्रसाथ रु. ५०,०००।- (अक्षरुपी पचास हजार मात्र) बराबरको रकम यस कार्यालयको नाममा रहेको कृषि विकास बैंक, शाखा कार्यालय कल्याणपुर, सप्तरीमा रहेको धरौटी खाता नं. ११०३७०१५०८००४०४७ मा जम्मा गरेको भौचर वा मान्यता प्राप्त 'क' वर्ग बैंकबाट यस कार्यालयको नाममा जारी भएको प्रचलित कानुनले तोकेको मान्य अवधि (दरभाउपत्र खोल्ने मितिदेखि ७५ दिन) भएको जमानी पत्र (बिडबन्ड) पेस गर्नुपर्नेछ।

६) औषधि खरिद गर्दा WHO GMP Certified Company र नेपाल सरकारबाट मान्यता प्राप्त उत्पादित औषधिहरू मात्र खरिद गरिनेछ। बोतलमा सप्लाई हुने औषधिहरू प्लास्टिक बोतलमा भएको हुनुपर्नेछ र बाँकी औषधिहरू स्ट्रिपमा हुनुपर्नेछ।

७) खरिद हुने औषधिहरूको म्याद सम्बन्धमा उक्त औषधिको यस कार्यालयमा बुझाउँदासम्म Manufacturing date बाट Expiry date कम्तीमा ७५% बाँकी हुनुपर्नेछ। सोभन्दा घटी म्याद भएका औषधिहरू स्वीकार गरिनेछैन।

८) सारभूत रूपमा प्रभावग्राही दरभाउपत्रहरूमध्ये सबैभन्दा घटी रकम कबोल गर्ने फर्मको दरभाउपत्र स्वीकृत गरिनेछ।

९) कार्यालयको आवश्यकता अनुसार दरभाउपत्रमा उल्लेखित औषधिको परिमाणमा थपघट गर्न सकिनेछ।

१०) अन्य कुराहरूको हकमा प्रचलित कानुन बमोजिम हुनेछ र थप जानकारीका लागि यस खडक नगरपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

११) यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरू सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक नियमावली, २०६४ तथा प्रचलित नेपाल कानुन अनुसार हुनेछ।

**तपसिल**

| सि. नं. | ठेक्का नं. | विवरण | लागत अनुमान (मू.अ.कर सहित) रु. | दरभाउपत्र दस्तुर रु. | दरभाउपत्र जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | 1/HEALTH/2080/081 | Supply and Delivery of Medical Items | 19,65,000.00 | 1,000.00 | 50,000.00 | |

**प्रमुख प्रशासकीय अधिकृत**